# बलेफी गाउँपालिकाको आगामी आ.व. २०७९।८० को प्रस्तावित नीति तथा कार्यक्रम-२०७९

**बलेफी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

बलेफी, सिन्धुपाल्चोक

(गाउँ सभामा पेश भएको मिति:-२०७९ असार १० गते)

# बलेफी गाउँपालिकाको

# आगामी आ.व. २०७९।०८० को प्रस्तावित नीति तथा कार्यक्रमहरु

**गाउँ सभाका अध्यक्षज्यू,**

यस सम्मानित सभा समक्ष म यस बलेफी गाउँपालिकाको आगामी आ.व. ०७९/०८० को बार्षिक क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**१. सामाजिक विकास तर्फ**

**क. शिक्षाः**

- बालबालिकाको सवाङ्गीण विकासका लागि मोन्टेश्वरीको अवधारणा अनुरुप प्रारम्भिक शिक्षाका शिक्षण सिकाई क्रियाकलापलाई गुणस्तरीय र प्रभावकारी बनाउने नीति लिइनेछ।
- आधारभूत तथा माध्यमिक शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र गुणस्तरीयताको सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गरिनेछ ।
- विद्यालय उमेर समूहका सबै बालबालिका तथा सरकारी शिक्षक, कर्मचारी र जनप्रतिनिधिहरुले आफ्ना सन्ततीलाई सरकारी सामुदायिक विद्यालयमा भर्ना गराई शैक्षिक सुनिश्चितको व्यवस्था मिलाउने ।
- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक सीपमूलक रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम सिर्जनशिल, रचनात्मक, अध्ययनशील, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील प्रतिस्पर्धी नैतिकवान जनशक्ति तयार गर्ने नीति लिइनेछ ।
- शिक्षक कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।
- स्वेच्छिक अवकासमा जान चाहना गर्ने स्थायी शिक्षकहरुका लागि मापदण्ड बनाई विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- राहत, अस्थायी, करारमा कार्यरत शिक्षकहरुका लागि शिक्षक कल्याणकारी कोष स्थापना गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा (कक्षा ७ देखि १०) अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुका लागि दिवा खाजाको निरन्तरता दिंदै क्रमश खाजाको दरमा वृद्धि गरिनेछ ।
- बलेफी गाउंपालिकाभित्रका विद्यार्थीहरुले कुनै विषयमा विद्यावारिधी गर्न र चिकित्सा शास्त्र अध्ययन गर्न चाहेमा मापदण्ड बनाई प्रोत्साहन गरिनेछ ।

- बलेफी गाउंपालिकाभित्रका सम्पूर्ण विद्यालयहरुको संचालन व्यवस्थापन र रेखदेख गर्ने कार्यमा सरोकारवाला अभिभावक, बुद्धिजिवी, शिक्षाप्रेमी तथा जनप्रतिनिधिहरुको सार्थक सहभागीता प्रत्याभूति गर्ने निति लिइनेछ ।
- बलेफी गाउँपालिकाभित्रका विद्यार्थीहरुलाई १२ कक्षासम्मको शिक्षा निशुल्क गर्ने नीति लिइनेछ ।

**खेलकुद :**

- खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडि तयार गरिनेछ ।
- खेलकुद क्षेत्रको विकास, विस्तार र प्रवद्धन गर्ने नीति लिइनेछ ।
- बालबालिका तथा युवा प्रतिभाको खोजी गर्दै प्रतिभाको संरक्षण संवद्धन र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

**भाषा, धर्म, संस्कृति कला र साहित्य :**

- स्थानीय स्तरका भाषा, धर्म, कला, संस्कृति र साहित्यको जगेर्ना, संरक्षण तथा संवर्द्धन गरिनेछ।
- "**स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद कार्यक्रम**" लाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ ।
- स्थानीयस्तरमा सुविधा सम्पन्न खेलमैदान निर्माण गर्ने नीति लिइनेछ र सानीटार बगरलाई संरक्षण गरी पालिकास्तरको खेलकुद ग्राउन्ड निर्माण गरिनेछ ।
- युवा क्लबहरुको भूमिकालाई सशक्त बनाई सामुदायिक अध्ययन केन्द्रहरुलाई भौतिक रुपमा सम्पन्न गर्दै प्रभावकारी रुपमा संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- खेलकुदमा राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक प्राप्त गर्न सफल गाउँपालिकाका खेलाडीलाई सम्मान गरिनेछ ।

**ख। महिला, वालवालिका, तथा ज्येष्ठ नागरिक र सामाजिक समावेशीकरण:**

- जात जातिहरुमा आधारित परम्परागत पेशा व्यवसायको प्रवर्द्धन गर्न तालिमको व्यवस्था गर्दै बाजा तथा आधुनिक आरन निर्माणमा अनुदान उपलब्ध गराइने छ ।
- महिला, दलित, जनजाती, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्गता, शहिद, घाइते र बेपत्ता पारिएका परिवारको उत्थानको लागि उनीहरुको क्षमता बिकास गरी आयआर्जनका लागि विविध कार्यक्रमहरु संचालन गरिनेछ र उनीहरुलाई आर्थिक सहयोग गरिनेछ नीति लिइनेछ।

- विभिन्न संघ संस्था मार्फत छरिएर संचालनमा रहेका कार्यक्रमहरुलाई गाउँपालिकाको दायराभित्र ल्याई परिणाममुखी बनाइने छ।
- महिला स्वास्थ्य स्वयम् सेबिकाहरुलाई उपलब्ध गराउँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिँदै स्वयम् सेविकाहरुको नियमित बैठक बसेपछि बापत यातायात खर्च उपलब्ध गराईनेछ।
- छोरीको शिक्षालाई सुनिश्चित गर्न छोरी जन्मेपछि जन्मदर्ताको आधारमा निजको नाममा बैंक खाता खोलि रकम जम्मा गरिने नीति लिइनेछ ।
- महिलाहरुको सशक्तिकरणका लागि आवश्यकतामा आधारित सीपमूलक तालिम संचालन गरिनेछ ।
- महिला हिंसा विरुद्धका कार्यक्रम संचालन गरिनेछ ।
- बलेफी गाउँपालिकालाई बालमैत्री स्थानीय तहको रुपमा घोषणा गर्न बालमैत्री अभियान सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्रका बालश्रमिकहरुको पहिचान गरी उनीहरुको उचित व्यबस्थापनमा ध्यान दिइनेछ ।
- मापदण्ड बनाई एकल पुरुष भत्ताको व्यवस्था गरिनेछ ।
- ज्येष्ठ नागरिकसँग जनप्रतिनिधी कार्यक्रम बैंक मार्फत टोल-वस्तीहरुमा सञ्चालन गरी सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइनेछ ।
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सुत्केरी पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- "उपाध्यक्ष नारी सुरक्षा" / "महिलासँग जनप्रतिनिधी" कार्यक्रम सञ्चालन गरिनेछ।
- अति विपन्न, निम्न आयस्तर भएका, टुहुरा विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

**ग। स्वास्थ्य तथा जनसंख्या र खानेपानी तथा सरसफाईः**

- स्वास्थ्य संस्थाहरुलाई आवश्यक जनशक्ति प्रवर्द्धन गरी व्यवस्थित ढंगले संचालन गरिनेछ।
- बर्थींङ सेन्टरहरुलाई सुबिधा सम्पन्न बनाई सेवालाई छिटो र छरितो बनाईनेछ।
- महिला, वृद्द र दीर्घ रोगीहरुको वर्षमा एक पटक निशुल्क स्वास्थ्य परीक्षण गर्ने नीति लिईने छ।
- जटिल रोग लागेका नागरिकहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने नीति लिइनेछ।
- नियमित खोप कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाईनेछ ।
- बेवारिसे रोगी कुकुरहरुको उचित व्यवस्थापनमा ध्यान दिँदै बेवारिसे रोगी कुकुरले टोकेमा निशुल्क रेबिज खोपको व्यवस्था गरिनेछ ।

- अति विपन्न, एकल महिला, एकल पुरुष, दिर्घ रोगिहरुको निशुल्क स्वास्थ्य बीमा गरिनेछ ।
- सुत्केरी महिलालाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।
- हरेक व्यक्तिको स्वास्थ्य बीमाको लागि पहिलो चरणमा वडा नं १, २, ३ र ४ को लागि २५ प्रतिशत शुल्क गाउँपालिकाले व्यहोर्नेछ ।
- बर्थीङ सेन्टर भएका स्वास्थ्य संस्थाहरुमा Video X Ray को व्यवस्था गरिनेछ।
- गाउँपालिकाबासिहरुलाई सफा र सुरक्षित पिउने पानीको व्यवस्था गरिनेछ।
- **"एक घर एक धारा कार्यक्रम"** लाई कार्यान्वयनमा ल्याइनेछ।
- गाउँ घरमा उत्पादन हुने तर नकुहिने प्रकृतिका फोहोरहरुको उचित व्यवस्थापन वडाहरु मार्फत गरिनेछ।

## २. पूर्वाधार विकास तर्फः

- गाउँपालिकाका सबै क्षेत्रहरुलाई समेट्ने गरी वैज्ञानिक रुपमा लागत अनुमानको दररेट निर्धारण गरिनेछ ।
- बलेफी गाउँपालिका समेतको साझेदारीमा निर्माण भई सम्पन्न हुन बाँकी सडकहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्रका मुख्य सडकहरुको नियमित मर्मत सम्भार गर्नका लागि सडक कामदारको ब्यबस्था गरिनेछ ।
- साना तथा आकस्मिक रुपमा आईपर्ने योजना संचालनका लागि एकमुष्ट रकम बिनियोजन गरी बिषेश कोष खडा गरिनेछ र कोष सञ्चालन कार्यविधि वनाई कोषको रकम व्यवस्थित गरिनेछ ।
- निर्माण गर्न बाँकी वडा कार्यलय भवनहरु र स्वास्थ्य चौकी भवनहरु निर्माण गरी र नियमित मर्मत कार्यलाई प्राथमिकता दिईने छ ।
- जटिल प्रकृतिका काम, हेभी इक्युपमेन्ट तथा यन्त्र उपकरणको आबश्यकता पर्ने र उपभोक्तालाई प्राविधिक ज्ञान नहुने योजनाहरुमा गाउँपालिकाबाट नै प्रतिस्पर्धात्मक रुपमा बोलपत्र आव्हान गरी योजनाहरु संचालन गरिनेछ।
- स्थानीय सीप, श्रोत साधनं र लागत साझेदारी हुने प्रकृतिका स-साना योजनाहरु मात्र उपभोक्ता समिति मार्फत संचालन गरिनेछ।
- गाउँपालिकाका नियमित योजनाहरु पुस मसान्त सम्ममा सम्झौता सम्पन्न गरी बैशाख मसान्त सम्ममा योजना सम्पन्न गरी सक्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्र निर्माण हुने भौतिक पूर्वाधारहरु बालमैत्री, वातावरणमैत्री र अपाङ्गमैत्री बनाइने छ ।

- भौतिक पूर्वाधार तथा निर्माण संरचनाको गुणस्तर सुनिश्चितताको लागि समयमा नै कार्य सम्पन्न गराउनका लागि नियमित अनुगमन गरी निर्माण स्थलमा नै आवश्यक सल्लाह तथा निर्देशन दिने र सुझाव तथा निर्देशन कार्यान्वयन नभएको पाइएमा तत्काल कानून बमोजिम कारबाही गर्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्रका सार्वजनिक शौचालयहरुलाई व्यवस्थित बनाईनेछ।
- गाउँपालिका भित्रका बस्तीहरु, चोकहरु, बजारहरु र कार्यालय परिसरहरुमा आवश्यकताको आधारमा सौर्य सडक बत्तीको र CCTV जडान व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुलाई गुणस्तरिय इन्टरनेट सेवा प्रदान गर्न सेवा प्रदायक संस्थाहरुसँग सहकार्य गरिनेछ र गाउँपालिका क्षेत्र भित्र संचालित सम्पूर्ण कार्यालयहरु, शैक्षिक संस्थाहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुमा उच्च गतीको इन्टरनेट सेवा जडान गरी सञ्चालन गरिनेछ।
- संचार क्षेत्रको विकास र सूचना प्रवाहमा नेपाल पत्रकार महासंघ र निजी क्षेत्रसँग समन्वय गरी कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिंकाभित्र रहेका घाट तथा दाहसंस्कार गर्ने स्थलहरुलाई व्यवस्थित बनाई बेवारिसे लासहरुको समयमा नै व्यवस्थापन गर्ने नीति लिइनेछ।
- गाउँपालिकाभित्रको घर-नक्साको कार्यलाई वैज्ञानिक र व्यवस्थित गर्न Building bye Laws (भवन निर्माण आचारसंहिता) बनाई लागु गरिनेछ ।

## ३। आर्थिक विकास तर्फः

- गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन कृषकलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- दुध उत्पादनबाट गाउँपालिकाका कृषकहरुको आयस्तर वृद्धि गर्न कृषकहरुको समेत लागत साझेदारीमा गाई / भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषिमा यान्त्रिकरण कार्यक्रमलाई जोड दिईने छ र पशु स्वास्थ्यमा निशुल्क उपचार गर्ने नीति लिइनेछ ।
- "एक घर एक करेसाबारी" कार्यक्रम सञ्चालन गरिनेछ र पालिकाले निशुल्क रुपमा आवश्यकताका आधारमा फलफुलको विरुवा, तरकारीका बीउ बिजन, आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने छ ।
- कम्तिमा १० ओटा भन्दा बढि दुहुना बस्तु पालिएका फर्महरुलाई आवश्यक संख्यामा साझेदारीमा काउ म्याट उपलब्ध गराईने छ ।

- नियमित खोप तथा उपचारको लागि आवश्यकता अनुसार पशु प्राविधिकको ब्यवस्था गरिनेछ।
- वाली तथा पशुपालनमा क्षति पुर्याउने बाँदर, बँदेल, चितुवा नियन्त्रण गरिनेछ उपायको खोजी गरिनुका साथै जंगली जनावरको आक्रमणबाट घाईतेहरुको उपचार खर्च गाउँपालिकाले सहयोग गर्ने नीति लिइनेछ ।
- रासायनिक मलको आपुर्तिलाई सहज बनाईनेछ ।
- गाउँपालिका भित्रका दुग्ध सहकारीहरूको दुध संकलन र प्रशोधन गर्न सहकारी संस्था मातहत संचालन गर्ने गरी दुग्ध प्रशोधन केन्द्र स्थापना गर्ने कार्यलाई अगाडि वढाईनेछ।
- मह उत्पादनका लागि मौरी प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
- व्यवसाय दर्ता गरि कम्तिमा १,५००।- कुखुरा / हाँस / कालिज, कम्तिमा ७ ओटा माउ बंगुर र २५ ओटा बाखा पालन गरेका फमहरुलाई कानून बनाई अनुदान उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।
- बेमौसमी तरकारी उत्पादन गर्ने तालिम संचालन गरिनेछ ।
- सहकारी मार्फत तरकारी संकलन गरी बिक्रिबितरण गर्ने प्रबन्ध गरिनेछ।
- तरकारी, बालिनाली र पशुपन्छी बीमा कार्यक्रमलाई थप सहज बनाउने नीति लिइनेछ।
- स्थानीय उत्पादनको उपभोगलाई प्रोत्साहन मिलाईनेछ ।
- खेती योग्य जमिनलाई सिंचाई गर्न आवश्यक पर्ने सिंचाईका कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ र लिफ्ट सिंचाइको लागि आवश्यक पहल गरिनेछ।
- खोरेत, पि.पि.आर. लगाएतका रोगहरुको नियन्त्रणका लागि निःशुल्क खोपको ब्यवस्था गरिनेछ ।
- सहकारीहरु परिचालनलाई ग्रामिण अर्थको मूल आधार बनाइने छ।
- उत्पादन सहकारीका सदस्यहरुको सीप, कार्यदक्षता र उत्पादनमा वृद्दि गराउन तालिम, गोष्ठि तथा अवलोकन भ्रमण गराईने छ।
- स्वरोजगार हुन चाहने युवाहरुको लागि कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिका भित्रका शिक्षित, अशिक्षित, दक्ष र अदक्ष युवा युवतीहरुको तथ्याङ्क संकलन गरी रोजगार र स्वरोजगारको अवसर सृजना गर्ने नीति लिइनेछ।
- गाउँपालिका कार्यलयमा दर्ता गरी नागरिकहरुलाई सहज यातायात सुबिधा उपलब्ध गराउन तथा रोजगारिको अवसर सिर्जना गर्न अटो रिक्सा संचालन गराउने नीति अवलम्बन गरिनेछ।
- एक घर एक रोजगारीको व्यवस्था गर्ने नीति लिइनेछ ।
- आगामी छ वर्ष भित्रमा गाउँपालिकालाई दुध,मासु,अण्डा,तरकारी र खाद्यान्नमा आत्मनिर्भर बनाई निर्यात तर्फ अग्रसर हुने नीति लिइनेछ।

- कम्तिमा छ वटा गाई वा भैंसीपालन गरिरहेका पशु फर्मवालालाई अनुदान सहयोग तथा प्राविधिक सहयोग गरिनेछ ।
- वास्तविक कृषकको पहिचान गर्न परिचय पत्र वितरण गरिनेछ ।
- खाली जग्गाहरुलाई कृषि समूह वा कृषि सहकारी या साझेदारी फर्म मार्फत एकीकृत गरी सामुहिक कृषि खेती वा पशुपालन गर्न प्रोत्साहित गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।
- बँदेलबाट भएको कृषि क्षतिलाई न्यूनीकरण गर्न कृषि उत्पादन हुने क्षेत्रलाई तारबार गर्न व्यवस्था गरिनेछ ।

**पर्यटन**

- पर्यटकीय ऐतिहासिक धार्मिक स्थलहरुको डकुमेन्ट्री निर्माण गरी प्रचालप्रसार गरिनेछ ।
- वडा नं. ३ स्थित भिरकुनाको भिरमा रक क्लाईमिङ र ठूलो खोलाको झरनामा क्यानोनिङको सम्भाव्यता अध्ययन गरि साहसिक पर्यटकिय गन्तव्य स्थलको रुपमा ती स्थानको विकास गरिनेछ ।
- बलेफीकै एक शक्तिपिठको रुपमा परिचित सेल्ताप माईको मन्दिरलाई धार्मिक एवं पर्यटकीय स्थलको रुपमा परीचित गराउन चिलाउने-सेल्ताप-धुस्कोट गुम्बा व्यवस्थित सिँडीसहित पदमार्ग निर्माण गरिनेछ ।
- गाउँपालिका भित्र परापूर्वकाल देखि मनाउदै आएको तर लोप हुने अवस्थामा पुगेको मेला, जात्रा, संस्कार, संस्कृतिलाई जगेर्ना गरिनेछ कार्यक्रम सञ्चालन गरिनेछ ।
- बलेफी गाउँपालिकाभित्रको अति ग्रामीण भेगलाई कृषि पर्यटन प्रबर्द्धनका लागि होम स्टे को अध्ययन गरि सामुहिक होम-स्टे सञ्चालन गर्न आवश्यक अनुदान सहयोग गरिनेछ ।
- जलबिरे बजारलाई ऐतिहासिक बजारको रुपमा पुनःस्थापन गर्ने कार्यक्रम ल्याईनेछ ।
- भण्डाखर्का कुनामा मेडिटेसन सेन्टरको स्थापना गर्न अध्ययन गरिनेछ ।

**४। वन बातावरण तथा विपद व्यवस्थापनः**

- गाउँपालिका भित्रको खुल्ला स्थानमा शहिद पार्क तथा आधुनिक र सुविधा सम्पन्न पिक्निक स्पोट निर्माण गरी आन्तरिक पर्यटन वृद्दिमा जोड दिइने छ।
- प्राकृतिक प्रकोपमा परी घरबार बिहिन भएका नागरिकहरुको तत्काल राहतको व्यवस्था स्थानीय सरकारले गर्ने नीति अवलम्बन गरिनेछ ।
- वजार क्षेत्रको ढल व्यवस्थापनलाई महत्वका साथ कार्यान्वयनमा ल्याईने छ।

- बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्न छिमेकी स्थानीय तहहरू सँगको साझेदारिमा स्थायी ल्याण्डफिल्ड साइडको खोजि गरी फोहोर मैलाको उचित व्यवस्थापन गरिनेछ ।
- प्राकृतिक विपदबाट पूर्णरुपमा आवास क्षति भएका नागरिकहरुलाई अवस्था हेरी आवास निर्माण गर्न अनुदान उपलव्ध गराईने छ ।

## ५। सुशासन तथा संस्थागत विकास तर्फः

- बलेफी गाउँपालिकामा कर बुझाउने दायित्व रहेका करदाताहरु मध्ये कर बुझाउन बाँकी रहेका करदाताहरुले आगामी आर्थिक वर्षको ६ महिना भित्र सबै बक्यौता कर गाउँपालिका वा वडा कार्यालयमा बुझाएमा आर्थिक वर्ष २०७८।०७९ सम्मको जरिवाना छुट गरिनेछ।
- गाउँ कार्यपालिकाको समग्र शान्ति सुरक्षा र सुब्यबस्था कायम गर्न नगर प्रहरी व्यवस्था गरिनेछ ।
- गाउँकार्यपालिका तथा वडा कार्यलयहरुबाट प्रदान गरिने सेवाहरुलाई छिटो छरितो र पारदर्शि बनाइने छ।
- तिन लाख रुपैया भन्दा बढि लागतका आयोजना तथा कार्याक्रमहरु सञ्चालन गर्ने स्थानमा काम शुरु हुँदाका बखतमै तोकिएको विवरण सहितको सूचना बोर्ड राख्ने कार्यलाई कडाईका साथ कार्यन्वयनमा ल्याइनेछ।
- गाउँपालिकाको संस्थागत क्षमता बिकास गर्न कार्यविधि बनाई क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- कर्मचारिको कार्यसम्पदन मूल्याङ्कन परिपाटिलाई प्रभाबकारी र वैज्ञानिक बनाईनेछ।
- अपारदर्शी र गैरजिम्मेवार पूर्ण कामकारवाहि र व्यवहारप्रति गाउँकार्यपालिका तथा वडा कार्यलयहरुमा शुन्य सहनशिलताको नीति लिइनेछ।
- गाउँपालिकाको संगठनात्मक संरचना र दरबन्दी स्वीकृत गर्न संगठन तथा व्यवस्थापन परीक्षण गरी आवश्यकता अनुसार दरबन्दी पुनरावलोकन गरिनेछ।
- सेवा प्रबाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन आवश्यकता र योग्यताको आधारमा गाउँपालिका भित्र कार्यरत कर्मचारीहरुलाई काजमा खटाउने नीति लिइनेछ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनीक परिक्षण जस्ता कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।
- बलेफी गाउँपालिकाको सार्वजनिक क्षेत्रमा रहेको ढुंगा खानी सञ्चालन गर्ने सम्बन्धमा प्रारम्भिक वातावरणीय परीक्षण गरी करको दायरा बढाइनेछ ।
- स्थानीय तहको पुनसंरचना हुँदा साविक फुल्पिङडाँडा गा.वि.स. को वडा नं ५ र ८ को भुगोललाई अवैज्ञानिक तरिकाले संघीयताको मर्म विपरित र भूगोलको अव्यवहारिक

खण्डीकरण गरी वडा बिभाजन गरिएकाले न्यायोचित तथा संघीयताको मर्म र जनभावनाको कदर हुने गरी साविक फूल्पिङ्गडाँडा गा.वि.स. को वडा नं ५ र ८ लाई समेटेर एएटा वडा नयाँ थप गरी बलेफी गाउँपालिकाभित्र जम्मा ९ ओटा वडा कायम गर्ने गरी आवश्यक कानून अनुसारको प्रक्रिया तत्काल अगाडी बढाइनेछ।

- फोहोरमैला व्यवस्थापन, विधुत, खानेपानि आपूर्ति, सरसफाई, सवारी चालक, भान्से जस्ता सेवाहरु कारारमा लिइनेछ।
- यस गाउँपालिकाको बार्षिक बजेट नीति तथा कार्यक्रममा नसमेटिएका तर सम्बन्धित निकायबाट आकस्मिक रुपमा प्राप्त हुने बजेट तथा कार्यक्रम र गाउँपालिका भित्र गर्नु पर्ने आकस्मिक तथा अत्यावश्यक कार्यहरु गाउँपालिकाको अध्यक्षको निर्णयबाट कार्यान्वयन गरी अनुमोदन गर्ने नीति लिइनेछ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको लापरवाहीका कारणबाट वडा तथा पालिकाको सेवा प्रभावित हुन नदिइने नीति अवलम्वन गरिनेछ।
- बलेफी गाउँपालिकाले लिदै आएको कतिपय शिर्षकको राजश्वको दरलाई घटाउने वा आवस्यकता अनुसार परिमार्जन गर्ने नीति लिइनेछ।
- कर प्रणालीलाई वैज्ञानिक र व्यवहारीक बनाईनेछ ।
- घर वहाल करलाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याइनेछ।
- सवै प्रकारका व्यवसायलाई करको दायरा भित्र ल्याउन व्यवसाय दर्तालाई अभियानका रुपमा संचालन गरिनेछ ।
- उपभोक्त समितिबाट हुने कामहरुलाई चुस्त दुरुस्त बनाउन उपभोक्ता समिति कार्यविधीलाई थप व्यवस्थित बनाई लागु गरिनेछ ।
- पालिकाको स्वामित्वमा सूचना प्रवाहलाई मध्यनजर गर्दै एफ।एम रेडियो सञ्चालन गरिनेछ।
- सबै वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयबाट प्रवाह गरिने सेवालाई सजहज र सरल बनाउन सबै कार्यालंयहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- अध्यक्ष र जनतावीचको सम्बन्ध सुमधुर बनाउन जुनसुकै कारणबाट मृत्यु भएका व्यक्तिका परिवारलाई सम्वेदनादिने तथा भेटघाट गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा रहेका सहकारी संस्थाहरुको दर्ता, नवीकरण, अनुगमन, सुपरीवेक्षण गर्न गाउँपालिकाको कार्यालयमा छुट्टै सहकारी विभाग गठन गरी जिम्मेवारी तोकिनेछ ।
- प्रत्येक महिनाको पहिलो हप्ताको आइतबार व्यक्तिगत घटना र सामाजिक सुरक्षाको छुट दर्ता गर्न वडा तहको सरकार घरघरमा पुग्ने नीति लिइनेछ ।
- जनताको नजिकै सरकार भएको अनुभूति हुने गरी Door to Door सेवा प्रदान गर्ने नीति लिइनेछ ।

- प्रत्येक ३।३ महिनाको दोश्रो आइतबार स्वास्थ्य परीक्षणका लागि स्वास्थ्यकर्मीसहित टोलटोलमा पुग्ने नीति लिइनेछ ।
- प्रत्येक ३।३ महिनाको तेश्रो हप्ताको आइतबार कृषि तथा पशु स्वास्थ्य परीक्षणका लागि टोलटोलमा पुग्ने नीति लिइनेछ ।
- वडा कार्यालयहरु, स्वास्थ्य संस्था तथा मा.वि. स्तरको विद्यालयहरुमा समेत ई-हाजिरीको व्यवस्था गर्ने नीति लिइनेछ ।
- गाउँपालिका र वडा कार्यालबाट प्रदान गरिने सेवालाई प्रभावकारी र पारदर्शी बनाउन ई-गभर्नेन्सको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।
- व्यक्तिगत घटना दर्ता शतप्रतिशत पुऱ्याउनको लागि दर्ता शीविरको आयोजना गरिनेछ ।